**"आप्रवासी नेपाली कामदारका चुनौति, अवसरहरु र एनआरएनएको भूमिका"**
**विषयक कार्यशाला गोष्ठिमा एनआरएनए एनसीसी कतारको**
**अवधारणा पत्र**

मिति ः १८ मई २०१८

यस कार्यशाला गोष्ठिका सभाध्यक्ष तथा नेपाली राजदुतावासका महामहिम राजदुत प्रो. रमेश प्रसाद कोईराला ज्यू

नेपाली राजदुतावासका नियोग उपप्रमुख ज्यू, एनआरएनए आईसीसीका पदाधिकारी ज्यूहरु, आईसीसी मानार्थ परिषदका सदस्य ज्यूहरु, आईसीसी सदस्य ज्यूहरु, कतारमा क्रियाशिल संघ संस्थाका प्रतिनिधि ज्यूहरु, ब्यवशायी तथा बुद्धिजिवि ज्यूहरु, पत्रकारहरु लगायत उपस्थित महिला तथा सज्जन वृन्द,
सम्पूर्णमा नमस्कार

**परिचय**

कतार नेपालीहरुको भरपर्दो श्रम बजार हो । आप्रवासी नेपाली कामदारहरुले पठाएको रेमिटेन्सले नेपालको अर्थतन्त्र धानेको छ । तर यहि श्रम बजार ब्यवस्थित नभएको र यहाँ आउने श्रमिकहरुले पाउने दुःख र उनीहरुको श्रम शोषण अत्यधिक बढ्दो छ । यस्तै समस्याहरुको न्युनिकरण गरी निराकरणको तह सम्म पुग्नका लागि गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले कतारमा कार्यरत आप्रवासी नेपाली कामदारहरुको हक हित र बैदेशिक रोजगारलाई कसरी ब्यवस्थित गर्न सकिन्छ, भन्ने उद्देश्य लिई यस कार्यशाला गोष्ठिको आयोजना गरिएको हो ।

नेपाली राजदुतावास कतार र एनआरएनए एनसीसी कतारको संयुक्त आयोजनामा भएको यस कार्यशाला गोष्ठिको निश्कर्ष प्रतिवेदनलाई नेपाल सरकारका संबन्धित निकायहरु र संघसंस्थाहरुमा पठाईनेछ । संघ संस्थाहरुले पनि निश्कर्ष प्रतिवेदन कार्यन्वयनको लागि ताकेता गर्न सहयोग गर्नेछन् ।

**कार्यक्रमको उद्देश्य र लक्ष्यहरु**

कार्यक्रमको मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् ।

- कतारमा समस्यामा परेका आप्रवासी नेपाली कामदारहरुको चुनौतिहरु पहिचान गर्ने र ती चुनौतिहरुको समाधानको उपायहरु पहिल्याउने साथै अवसरहरुको पहिचान गरि अवसरलाई उपयोग गर्न प्रोत्साहित गर्ने।
- कतारमा आई अलपत्र पार्ने र त्यस समस्यालाई कसरी समाधान गर्न सकिन्छ, अनुसन्धान गर्ने, समस्याका निराकरणका उपायहरु पहिल्याउने ।
- गैरकानुनी रुपममा कतार प्रवेश गराउने र सो कार्यमा सहयोग पुर्‍याउने कार्यहरुलाई निरुत्साहित गर्ने ।
- बैदेशिक रोजगारीका जोखिमहरु कम गर्दै जाने र बैदेशिक रोजगार मार्फत नेपालको गरिवी निवारणमा सहयोगि भूमिका निर्वाह गर्ने ।
- आप्रवसानका योगदानहरुलाई विवेचना गर्ने ।

**लक्षित वर्गः**

यस कार्यक्रमको लक्षित वर्ग कतारमा कार्यरत आप्रवासी नेपाली कामदारहरु र ब्यवसायीहरु दुवै रहनेछन् । कतिपय समस्याहरु केही कामदारका कारण र कतिपय ब्यवसायीहरुका कारण उत्पन्न हुने गरेका छन् । जानी जानी समस्यामा पार्नु र अन्जानमा समस्यामा पर्नुको वर्गिकरण गरिनेछ । हाल कतारमा देखिएका समस्याहरुमा श्रमिकहरुको मात्र नभई ब्यवसायीहरुको पनि छन् । दुबै पक्षका समस्याहरु समेटिनेछन् । यसको लागि कतारमा स्थापित संघ संस्थाहरुको सहयोगि भूमिका हुनेछ।

हाम्रो कार्यक्षेत्र कतार भएको हुनाले समग्र वैदेशिक रोजगाारका समस्यालाई उठान गरिए पनि बिशेष गरी कतारमा देखिएका श्रमिक समस्यालाई हल गर्नको लागी ठोस कदम चाल्न नेपाल सरकारलाइ रचनात्मक सुझाव दिन यो अवधारण प्रस्तुत गरेका छौं ।

**वैदेशिक रोजगारीमा समस्या आउनुका प्रमुख कारणहरु**

तल उल्लेखित तथा बैदेशिक रोजगारका समग्र समस्याहरुको सम्बोधन तथा समाधान गर्नको लागी केही ठोस उपायहरु समेत हामीले पहिचान गरि निम्न बमोजिम प्रस्तुत गरेका छौं ।

**क. रोजगारीका लागि मुलुक छाड्नु पूर्व ध्यान दिनुपर्ने कुराहारुमा ध्यान दिन नसक्दा श्रृजित समस्याहरु ः**

- वैदेशिक रोजगार कम्पनिहरुले श्रम विभागको प्रयोजनका लागी मात्र कामदार तथा रोजगारदाता बिच गरिने श्रम सम्झौता पत्र नक्कली बनाउने प्रबृति ।
- कामदारलाई छनौट पूर्व जाने ठाउँ, गर्नुपर्ने काम तथा कामको विवरण, तलब भत्ता तथा अन्य सुविधाका वारेमा यथेष्ट जानकारी नहुनु ।
- भिषा र सम्झौता रुजु नगरिनु ।
- कालो सूचिमा रहेका कम्पनीहरु मार्फत पनि कामदारहरु विदेश पठाइनु ।
- हैसियत भन्दा वढिको कार्य अनुभवको कागजपत्र बनाई विदेश जानु ।
- जनाजान ठगि गर्ने प्रवृति ।

**ख. रोजगारिका लागी सम्बन्धित मुलुक पुगेपछि भोग्नु परेका समस्या**

- श्रमिक तथा रोजगारदाता विच गरिएको सम्झौता खासगरि तलब, अन्य सुबिधा तथा ओभरटाईम सम्झौता पत्रमा उल्लेखत भए अनुसार नहुनु ।
- समयमा मासिक पारिश्रमिक नपाउनु ।
- आवासको मानविय सुविधा नहुनु ।
- नाजुक अवस्थामा रहेका कम्पनिहरुमा भिषा निकालेर कम्पनिले काम दिन नसक्ने तथा भिसा समयमा नलगाई दिनाले कम्पनि छोडेर वाहिर काम गर्नुपर्ने बाध्यता ।
- करार अवधिभन्दा पहिले नै फर्काइने तर त्यस्तो अवस्थामा क्षतिपुर्तिको लागि कानुनी सुविधा नपाइने ।
- करार अवधि सकि सक्दा पनि विभिन्न कारणले स्वदेश फिर्ता हुन नसक्ने ।
- समस्याहरुलाई सम्बन्धित ठाँउ कम्पनि व्यवस्थापन पक्ष संग आफ्नो कुरा राख्न भाषामा समस्या ।
- विषेश गरि खाडि मुलुकमा आफ्ना हकहितका लागी आवाज उठाउनको लागी विभिन्न संघ संस्थाहरुले आधिकारिक मान्यता नपाउनु ।

**ग. कामदारका आफ्नो कमजोरीवाट उत्पन्न समस्या**

- सम्बन्धित निकायमा खवर नै नगरी साथीभाइको लहै लहैमा लागेर वढि कमाउने लोभमा कम्पनि छोडेर भाग्ने तथा विना सूचना काम रोक्ने ।
- स्थानिय कानुनको पालना नगर्नु ।
- विदेशमा आँउदा पनि आफ्नो पुरानो आचरण नछोडेर अनुशासनको मर्यादामा नबस्ने ।

**समस्या समाधानका सुझावहरु**

समसामयिक बिषयका सुझावहरु

समस्या केलाउनु मात्रै उपलब्धि होइन, समाधानका उपाय खोजी त्यसको कार्यान्वयनले मात्र समस्याहरुको निराकरण गर्न सकिन्छ ।

- कुन देशमा कस्तो काममा कस्ता कामदार पठाउने त्यसको स्पष्ट नीति बनाउने, कामदार पठाउन सुरु गर्नु अघि श्रम सम्झौता गर्ने,
- संस्थाहरूको विवरण सम्बन्धी अभिलेख अद्यावधिक गर्ने र त्यही आधारमा संस्थाहरूको अनुगमन, नियमन र कारबाहीलाई प्रभावकारी कार्यान्वयन गर्ने,
- राहत, उद्धार तथा क्षतिपूर्ति सम्बन्धी व्यवस्थालाई लचिलो र व्यावहारिक बनाउने, श्रम सहचारीको संस्थागत क्षमता सुदृढीकरण गर्ने र कार्यविवरण तोक्ने, श्रम स्वीकृति सातवटै प्रदेशबाट प्रदान गर्ने व्यवस्था गर्ने ।
- पीडितको न्यायिक पहुँच बढाउन विकेन्द्रित न्याय प्रणाली बनाउने, वैदेशिक रोजगारीको नाममा मानव तस्करीलाई प्रश्रय पुग्ने काम गरेको पाइएमा मानव बेचबिखनको कानुन आकर्षित हुने व्यवस्था गर्ने, दण्ड र पुरस्कारको व्यवस्था गरी विकृति न्यूनीकरण गर्ने ।
- अहिलेको जस्तो ठूलो र भद्रगोल संरचनाको सट्टा थोरै कर्मचारीले डिजिटलाइज्ड पद्धतिबाट छरितो सेवा दिनसक्ने संरचना बनाउने
- बिदेश पुगेको २ महिना भित्र दुतावासमा सम्पर्क गरेर या इनरोल हुने सिस्टमको बिकाश गरेर अनिवार्य रुपमा इनरोल हुने व्यवस्था गर्न पहल गर्ने ।

- कुनैपनि कामदार बैदेशिक रोजगारमा प्रथम पटक जानुपूर्व नै उसको दुईतर्फी टिकटको बिमा गरेर जानुपर्ने ।

**नीतिगत कार्यहरुमा सुधार गर्नुपर्ने कुराहरु**

सानातिना टुक्रे निर्णय गरेर, एक-दुईजना कर्मचारी हेरफेर गरेर, दुई-चार दिन अनुगमन गरेर, उजुरी सुन्ने संयन्त्र ठाउँ-कुठाउँ स्थापना गरेर, आवेशमा कुनै देश वा पेसामा प्रतिबन्ध लगाएर, क्षणिक लोक प्रियताका लागि विदेशी कम्पनीले प्रदान गर्ने सेवा सुविधा नेपाल सरकारले तोकेर वा एकादुई संस्थालाई केही कारबाही गरेजस्तो गरेर वैदेशिक रोजगारीमा सुधारको कुनै संकेत नदेखिएको दृष्टान्त छर्लङ्ग छ । यस क्षेत्रको समय-सापेक्ष सुधारको लागि नीतिगत तथा कार्य प्रक्रियागत सुधार हुन जरुरी छ ।

- वैदेशिक रोजगार सम्बन्धी ऐन, नियम, निर्देशिका, कार्यप्रणाली सम्बन्धी नीतिगत कार्य ।
- वैदेशिक रोजगार सम्बन्धी गन्तब्य मुलुकसँग श्रम सम्झौता सम्बन्धी कार्य ।
- वैदेशिक रोजगार र अन्तर्राष्ट्रिय आप्रवासन सम्बन्धमा समन्वय र सहकार्य ।
- सेवा शुल्क उठाउने प्रक्रिया अझ सरल, पारदर्शि तथा जवाफदेहि पुर्ण बनाउन नितीगत सुधार गर्नुपर्ने ।
- घरेलु महिला कामदारहरुको सुरक्षित आप्रवासनको लागि विषेश निति निर्माण गरि कडाइका साथ पालना गराउनु पर्ने ।

**नियमनकारी कार्य**

- वैदेशिक रोजगार ब्यवसाय सञ्चालनको इजाजत पत्र प्रदान, नविकरण, गलत संस्थालाई कारवाही तथा संस्था खारेज गर्ने ।
- वैदेशिक रोजगार अभिमुखीकरण सम्बन्धी तालिम प्रदान गर्ने संस्थालाई अनुमती प्रदान गर्ने तथा नियमन गर्ने
- घरेलु कामदार तालिम दिने संस्था दर्ता नविकरण तथा नियमन गर्ने ।
- बढदो महगिको कारणले नेपाली कामदारहरुले कतारमा पाइरहेको तलबमान समय सापेक्ष नदेखिएकाले न्यूनतम पारिश्रमिकलाई समय सापेक्ष बनाउन सरकारको तर्फबाट पहल गरिनु पर्ने ।
- बैदेशिक रोजगारमा बिना कशुर जेल परेकाहरुको उद्धारको लागि सिड मनिको ब्यवस्थामा राज्यले कडाई गर्ने र सहयोगको लागि भुक्तानीमा ढिला सूस्ती गर्न नहुने ।
- बैदेशिक रोजगार कल्याणकारी कोषमा पिडीत कामदारहरुको सहज पहुच तथा न्यायोचित वितरणको लागी बैदेशिक रोजगार विभागले सक्रिय भुमिका खेल्नुपर्ने ।
- बैदेशिक रोजगारमा जाने कामदारहरुलाई सरकारले बिनाधितो सरल प्रकृया मार्फत सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउनुपर्ने ।

**अनुगमन तथा निरीक्षण सम्बन्धी गर्नु पर्ने अन्य कार्यहरु ।**

समस्याहरु समाधान तर्फ अनुगमन तथा निरीक्षण सम्बन्धी निम्न कार्यहरु गर्नु पर्ने आवश्यक देखिन्छ ।

- वैदेशिक रोजगारी सम्बन्धी उजुरीको अनुसन्धान सम्बन्धी कार्य ।
- अनुसन्धानका आधारमा वैदेशिक रोजगार न्यायाधिकरणमा मुद्दा दायर ।
- वैदेशिक रोजगारका कसुरमा हुने विभागीय दण्ड सजाय सम्बन्धी अर्थन्यायिक कार्य ।
- कामदारलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउने कार्यमा समन्वय ।
- ब्यवासायीको कारोबार रोक्का तथा रोजगारदाता कम्पनिलाई कालोसूचीमा राख्ने कार्य ।
- वैदेशिक रोजगारमा हुने ठगी नियन्त्रण सम्बन्धी कार्यहरु ।
- वैदेशिक रोजगार सम्बन्धी गुनासो ब्यवस्थापन ।
- विमानस्थलमा कामदारलाई सहजीकरणको कार्य ।
- विमानस्थलमा कामदारलाई सूचना प्रवाह सम्बन्धी कार्य ।
- कामदारहरुको उद्धार तथा गन्तब्य मुलुकमा कामदारको पक्षबाट पैरवीमा सहयोग ।
- प्रवर्द्धनात्मक तथा अनुसन्धानात्मक कार्य (वैदेशिक रोजगार प्रवर्द्धन वोर्डसँगको समन्वयमा गर्ने)
- जनचेतनामूलक सूचना प्रवाह ।
- सुरक्षित आप्रावासन सम्बन्धमा सहयोग र सहकार्य ।
- संभावित गन्तब्यको पहिचान ।
- रोजगार बजारको मागका क्षेत्रहरुको पहिचान ।

**बैदेशिक रोजगार ब्यावसायीहरुले गर्नु पर्ने सुधारहरु**

- रोजगारदाता कम्पिनिहरुको सहि छनौट, तलब, भत्ता, जिवन तथा स्वास्थ्य विमा, हवाई टिकट लगाएत श्रमिकले पाउनु पर्ने सुविधाको सुनिश्चतता गराउने ।
- स्वस्थ प्रतिष्पर्धात्मक ब्यापार गरि श्रमिकहरुलाइ कम खर्चमा पठाउन ध्यान दिने ।
- सेवा शुल्कको मापदण्डलाइ कडाइका साथ पालना गर्ने ।
- रोजगारदाता कम्पनी संग कुनै दवाबमा नपरी प्रष्ट सहमति गर्ने
- वैदेशिक रोजगारी ब्यावसायमा हुने अनियमितताको एक कारण म्यानपावर एजेन्टहरु समेत भएकाले ब्यावसायीहरुले आˆना एजेन्टहरुलाइ बिषेश तालिम सहित आधिकारिक अनुमति पत्र दिएर ब्यावसायिकरण गर्दै जिममेबार बनाउनु पर्ने ।
- अनियमितता, गैरकाकनुनि कार्य गर्ने ब्यवसायी तथा संस्थाहरुलाइ कार्वाहिको दायरमा ल्याउन सहयोगि भूमिका खेल्ने ।

**गैरआवासीय नेपाली संघले गर्नसक्ने कार्यहरु**

- बैदेशिक रोजगारमा गएर फर्केका पिडित कामदारहरुको तत्काल उद्धार र न्यायमा सहज पहुचको लागि एनआरएनए आइसीसी संगको समन्यवमा काठमाडौमा सम्पर्क कार्यलय खोलि संघको तर्फबाट पिडीत कामदारको न्यायको लागी सहजकर्ताको भुमिका खेल्नसक्ने।
- माथि उल्लेखित नेपाल सरकारले गनुपर्ने बुँदाहरु सरकारी तवरबाट कार्यान्वयन गराउनको लागी दवावकारी, समन्वयत्मक तथा प्रचारात्मक् भुमिका निर्वाह गर्न सक्ने।
- बैदेशिक रोजगारमा जाने अधिकाँश कामदारहरुमा बैदेशिक रोजगार सम्बन्धि सुचना तथा जानकारीको अभावको कारणले पनि कतिपय समस्या सिर्जना भएको हुदा समस्या न्युनिकरणले लागी सार्वजनिक सञ्चार माध्यम संग समन्वगरी यथेष्ट रुपमा सो सम्बन्धि सुचना, श्रब्य, दृश्य सामाग्री उत्पादन गरी प्रचार प्रसारमा सहयोग गर्न ।
- बैदेशिक रोजगारका सम्भावाना र चुनौतीमा बिषयमा सरोकारवाला पक्षसंग समन्वय गरी निरन्तर बहस, छलफल, अन्तरक्रिया, गोष्ठि सञ्चालन गर्न ।
- बिदेश जानु अघि लिनुपर्ने ओरिन्टेशन तालिमलाई ब्यवसायिकरण पनि सरकार आफैले कर्मचारीको ब्यवस्था गरि दुईदिने ओरिन्टेशन र एक दिने मनोवैज्ञानिक परामर्श दिने प्रावधान बनाउनको लागि सरकार संग एन.आर.एन.ए. ले हातेमालो गर्न पहल गर्न ।
- हजारे अभियानको नामले प्रख्यात बैदेशिक रोजगार सामाजिक सुरक्षा कोषलाई संचयकोष संग हामिले गरेको पहललाई नतिजाा सम्म पुऱ्याउने गहन जीम्मेवारीलाई कार्यान्वयको पक्षमा पहल गर्न

हाम्रो प्रयास

श्रमिक कल्याणकारी कोष ः

मध्यपूर्वमा नेपालीहरुको वढ्दो संख्या सगैविभिन्न कारणले गर्दा अलपत्र पर्ने, दुर्घटना परि मृत्यू तथा घाइते हुने आदी भैपरि आउने समस्याहरु कतिपय सम्बन्धित कम्पनिमा नपुग्दै घट्ने र कतिपय लाई कम्पनिले नै आवश्यक सहयोग नगर्दा उनीहरुलाई नेपाल पठाउन नसकिएका अनेकौं घटनाहरु हाम्रो अगाडी छन्। यस्ता किसिमका समस्याहरुको समाधानको लागी खाडी क्षेत्रका सम्बन्धित मुलुकमा नै दुतावास भएमा दुतावासको पहलमा र नभएमा त्यहाँ स्थित नेपाली समुदायको पहलमा तत्कालका समस्याहरु समाधान गर्न एआरएनए एनसीसी कतारले श्रमिक कल्याणकारी कोषको स्थापना गरि संचालन गरि सकेको छ ।

**श्रमिक कल्याणकारी कोषको उद्धेश्यः-**

क) कतारमा कार्यरत नेपालीहरुको आपतकालिन अवस्थामा उद्धार, उपचार र सहयोग पुऱ्याउने ।

ख. कुनै विषम परिस्थितीमा नेपालीहरुको सामुहिक उद्धार र वाँच्नको लागि रासन पानी उपलब्ध गराउनु पर्ने प्रकोप वा परिस्थिती आई परेमा कोषको स्थिती हेरी मानविय सहायता उपलब्ध गराउने ।

ग) श्रमिकका समस्याहरुलाई सहयोग र समाधान गर्न ।

घ) हाल सम्म घटेका दुर्घटनाहरुको अध्ययन गरी भविष्यमा त्यस्ता घटना दुर्घटनाबाट वच्ने उपायको वारेमा सचेतना जगाउन कतार देखी नेपालसम्म चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ) विविध

**श्रमिक कल्याणकारी कोषको श्रोत ः-**

यस श्रमिक कल्याणकारी कोषको मुख्य श्रोत निम्न अनुसार हुनेछ ।

क)	राष्ट्रिय समन्वय परिषद कतारका सदस्यहरुबाट प्राप्त हुने सहयोग रकम ।
ख)	कुनै ईच्छुक दाता व्यक्ति संघ संस्था वा राज्यवाट प्राप्त चन्दा, उपहार, दान आदि ।
ग)	राष्ट्रिय समन्वय परिषद कतारले तोके अनुसार सदस्यको मासिक शुल्क मध्येबाट प्राप्त रकम ।
घ)	आई. सी. सी., वा राष्ट्रिय समन्वय परिषदले विविध कार्यक्रम संचालन गरी प्रदान गरेको रकम ।
ङ)	यस कोष प्रयोजनमा संचालन गरिने च्यारिटी कार्यक्रम वा विविध श्रोतहरुवाट प्राप्त रकम ।
च)	विविध ।

त्यसै गरी यस कोषको लागि रहकमहरु संकलन गर्ने कार्य शुरु भई सकेको छ । यसको आयको लागी सम्बन्धित मुलुकमा कामदार पठाउने मेनपावर कम्पनीहरुबाट पनि सरकारले नै केहि रमक आउने व्यवस्था गरिदिने तथा विभिन्न क्षेत्रवाट सहयोगहरु पनि उठाउने व्यवस्था हुदा अझ राम्रो हुने थियो ।

**बैदेशिक रोजगारी व्यवस्थापन**

वैदेशिक रोजगारीको प्रबर्द्धन कि व्यवस्थापन ? यो अब बहस गरेर समय खर्चिने होइन, निधो गरेर काम सुरु गरिहाल्ने विषय हो । एकातिर देशमा पर्याप्त रोजगारीका अवसर उपलब्ध नहुँदा युवाहरू वैदेशिक रोजगारीमा आकर्षित हुनु स्वाभाविक हो भने अर्कोतिर राष्ट्रिय आम्दानीका अन्य स्रोत शिथिल भएको अवस्थामा देशको अर्थतन्त्रमा भरथेग पनि यही क्षेत्रले गरेको थियो र गरिरहेको छ । के यसो भन्दैमा वैदेशिक रोजगारी प्रतिको निर्भरता यसैगरी बढाउँदै लैजाने ? वैदेशिक रोजगारीको प्रबर्द्धन नै गरिरहने ? अनि देश विकासमा प्रयोग गर्नुपर्ने युवा जोशलाई विदेशी भूमि सिंगार्न चर्को घाममा कसैले नगर्ने कठिन काम गर्न निर्यात गरिरहने ? अनि यता स्वाभिमान, राष्ट्रियता र देश बनाउने कुरो गरेर कहिल्यै हामी कहिल्यै थाक्दैनौं ।

प्राकृतिक स्रोतसाधन र आधाभन्दा बढी जनसंख्या युवा भएको हाम्रो देशको विकासमा युवाको उपयोग भन्दा उत्तम अर्को विकल्प छैन । यद्यपि देशमा रोजगारी सिर्जना भइनसकेको र दैनिक हजारौं अझैं पनि वैदेशिक रोजगारीमा गइरहेको सन्दर्भमा तत्कालै वैदेशिक रोजगारीलाई विस्थापन गर्ने अर्को विकल्प पनि छैन । तर वैदेशिक रोजगार विभागमा आउने उजुरी, उद्धार, राहत र क्षतिपूर्तिका निवेदन, मिडियामा आउने वैदेशिक रोजगारीका बेथिति, ठगिएका र अलपत्र परेका तथा वैदेशिक रोजगारका अनियमितताका समाचारहरु भने आईरहन्छ ।

सुधारका कुरा केलाउँदा समस्या तथा चुनौतीको अध्ययन जरुरी हुन्छ । यो क्षेत्रको प्रमुख चुनौती भनेको रोजगारीका अवसरको उपलब्धतामा हाम्रो हात हुँदैन, जसले गर्दा हामीले तोकेको संख्यामा रोजगारी र सेवासुविधा नपाइन सकिन्छ । न्यून लागतको विषयको कार्यान्वयन चुनौतीपूर्ण रहेको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा माग भए अनुसारको दक्ष जनशक्ति पूर्ति गर्न नसकिएको, पठाइएका कामदारको संख्याको तुलनामा गुणात्मक विप्रेषण भित्र्याउन नसकिएको, वैदेशिक रोजगारीको नाममा मानव तस्करीले प्रश्रय पाइरहेको जसले गर्दा वैदेशिक रोजगार व्यवसाय बदनाम हुँदै गएको छ ।

प्रस्तुत समस्याहरू उत्पन्न हुनुमा दोष कसको भनी केलाउँदा कुनै एउटा पक्षमात्र दोषी देखिन्न । यसमा सरकार, कर्मचारीतन्त्र, सम्बद्ध व्यवसायी, कामदार स्वयं र हाम्रो उद्यमी सामाजिक संस्कार नै प्रमुख रुपमा जिम्मेवार छन् ।

कामदारका सेवा सुविधामा कडा रूपमा प्रस्तुत हुन नसक्नु, विदेशी कानुन अन्तर्गतका कम्पनीमा कामदार पठाउने तर नेपाल सरकारले नियम बनाउने जसले गर्दा नियम कार्यान्वयन हुन नसक्ने जस्तै- न्यून लागत, देश पिच्छे तलब तोक्ने, सेवा सुविधाका प्रावधान हेरफेर गर्ने जस्ता क्रियाकलापले फर्जी कामलाई बढावा दिएको, एउटा एजेन्सीले ल्याएको डिमान्डमा अर्कोले कामदार पठाउने, कामदार अलपत्र परे जिम्मेवारी एकअर्कामा पन्छाउने, डिमान्डको खरिद-बिक्री गर्ने, इजाजत पत्रवालाले व्यक्तिगत रूपमा कामदार पठाउन भूमिका खेल्ने गरेको पाइएको छ ।

न्यून लागतको निर्णय सम्बन्धमा उपयुक्त पुनर्विचार नहुँदा एकातिर कामदार थोरै पैसाको बिल लिएर बढी पैसा तिर्दै विदेशिन बाध्य, अर्को तिर निशुल्क भिसा र टिकट उपलब्ध नगराउने तर राम्रो सेवा सुविधा भएका कम्पनीका माग अन्यत्र जाने सम्भावना छ । यी यावत समस्या विभागले सम्पूर्ण रूपमा नियमन गर्न कठिन भएको छ । कतिपय संस्था कानुन अनुसार खारेज भइसकेको अवस्थामा पनि मन्त्रालयको निर्णयले खारेजीबाट जोगिएको दृष्टान्त छ । शक्तिको दुरुपयोग गरी गलत गर्ने संस्थाहरू कारबाहीबाट जोगिने गरेका छन् । तसर्थ यस बारेमा हामी सबैले सबैले समयमा नै सोचौं र हामी संग भएका अवसरहरु लाई समस्याको रुपमा नहेरी चुनौतीको रुपमा लिएर अगाडी बढौं ।

जय एनआरएन

धन्यवाद

सुदर्शन भट्ट
द्वितिय उपाध्यक्ष
संयोजक - सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समिति, एनआरएनए एनसिसि कतार